# नीति अनुसन्धान प्रतिष्ठानका सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक

संघीय संसद सचिवालय

संसद भवन

सिंहदरबार

# उद्देश्य र कारण

नेपालको आर्थिक, सामाजिक, राजनीतिक तथा साँस्कृतिक क्षेत्रका विभिन्न पक्षमा अध्ययन, अनुसन्धान गरी त्यसका उपलब्धि र निष्कर्षको विश्लेषण गर्न, सामरिक मामिला, अन्तर्राष्ट्रिय सम्बन्ध, कूटनीतिक तथा परराष्ट्र नीतिको अध्ययन तथा अनुसन्धान गर्न, सार्वजनिक प्रशासन, विकास प्रशासन, वातावरण संरक्षण, शासकीय सुधार, गरिबी निवारण तथा नेपाल सरकारले अपनाएका विभिन्न क्षेत्रगत नीतिको पर्यवेक्षण गर्नका लागि संस्थागत व्यवस्थाको लागि नीति अनुसन्धान प्रतिष्ठानको आवश्यकता देखिएको छ ।

सार्वजनिक नीतिका विषयमा अध्ययन, अनुसन्धान गरी त्यसमा देखिएका कमी, कमजोरी पहिचान गरी सुधारका विषयमा सुझाव पेश गर्न, शासकीय सुधार गर्दै सुशासन प्रवर्द्धन गर्ने कार्यमा सहयोग गर्न नीति अनुसन्धान प्रतिष्ठानको स्थापना र सञ्चालन गर्ने सम्बन्धमा ऐनद्वारा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले प्रस्तुत नीति अनुसन्धान प्रतिष्ठान सम्वन्धी विधेयक संघीय संसद समक्ष पेश गरिएको छ ।

के.पी. शर्मा ओली

प्रधानमन्त्री

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# आर्थिक टिप्पणी

नीति अनुसन्धान प्रतिष्ठानले भ्रष्टाचार नियन्त्रण, सम्पत्ति शुद्धीकरण निवारण, राजस्व तथा सार्वजनिक सम्पत्तिको हिनामिना वा नोक्सानीको नियन्त्रण, स्वार्थ बाझिने कार्यको निवारणमा नेपाल सरकारले अपनाउनु पर्ने नीतिगत कानूनी र संस्थागत सुधारको सम्बन्धमा सुझाव पेश गर्ने भएकोले मुलुकमा शासकीय सुधार गर्दै सुशासन प्रवर्द्धन गर्ने कार्यमा सहयोग गर्न मद्दत पुग्ने देखिन्छ ।

मुलुकको आर्थिक समृद्धिका लागि उपलब्ध स्रोत साधनको अधिकतम परिचालन गर्न, अर्थतन्त्रलाई प्रतिस्पर्धी, सुदृढ तथा रोजगारउन्मुख बनाउन र उत्पादकत्व वृद्धि गरी आयात प्रतिस्थापन, निर्यात प्रवर्धन गर्न र पूर्वाधार विकास गर्ने सम्बन्धमा आवश्यक अनुसन्धान गरी सरकारले लिनुपर्ने नीति र कार्यान्वयन गर्नुपर्ने कार्यक्रमका सम्बन्धमा सुझाव दिने भएकाले यस प्रतिष्ठानको स्थापनाबाट सरकारी सेवालाई सक्षम, सुदृढ, जनमूखी, सेवामूलक र उत्तरदायी बनाई "समृद्ध नेपाल सुखी नेपालीको अभियानमा" थप सहयोग मिल्ने देखिन्छ ।

नीति अनुसन्धान प्रतिष्ठानको स्थापना, प्रतिष्ठानका पदाधिकारी र कर्मचारीको पारिश्रमिक र प्रतिष्ठानको सञ्चालनको कार्यबाट  नेपाल सरकारलाई आर्थिक व्ययभार पर्ने देखिन्छ । त्यस्तो खर्च सालवसाली रुपमा हुने भएकोले यतिनै खर्च हुने भनी खुलाउन सकिने अवस्था देखिंदैन ।

## प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

नीति अनुसन्धान प्रतिष्ठानका सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकमा रहेको प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी देहाय बमोजिम रहेको छः-

| क्र.सं. | दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १ | १४ को खण्ड (छ) | अध्यक्षको अन्य काम, कर्तव्य र अधिकार निर्धारणका लागि | नियममा व्यवस्था गर्न सक्ने । | प्रतिष्ठानको उद्देश्यसँग सम्बन्धित विषयमा अन्य कार्य सम्पादन हुने । |
| २ | २३ को उपदफा (८) | प्रतिष्ठानको कोष सञ्चालनका लागि | नियम बनाउन सक्ने । | प्रतिष्ठानको कोषको सञ्चालनमा पारदर्शिता र प्रभावकारीता आउने । |
| ३ | ३१ | ऐनको कार्यान्वयन गर्न | प्रतिष्ठानले आवश्यक नियमहरु बनाउन सक्ने र नेपाल सरकारबाट स्वीकृत भएपछि लागू हुने । | ऐनको कार्यान्वयनलाई प्रभावकारी बनाउन । |

## नीति अनुसन्धान प्रतिष्ठानका सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| २ | परिभाषा | ऐनमा पटक पटक दोहोरिएका शब्दहरुलाई परिभाषित गर्न आवश्यक भएकोले। |
| ३ | प्रतिष्ठानको स्थापना | नेपालको आर्थिक, सामाजिक, राजनैतिक तथा साँस्कृतिक क्षेत्रका विभिन्न पक्षमा अध्ययन र अनुसन्धान गरी त्यसका उपलब्धि र निष्कर्षलाई सार्वजनिक सूचना, ज्ञान र बहसको लागि प्रकाशन गर्न र नेपाल सरकारले अपनाउने वा अपनाएको विभिन्न नीतिको अध्ययन, विश्लेषण र अनुसन्धान गरी त्यसको सुधारको सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्न नीति अनुसन्धान प्रतिष्ठान नामको एक प्रतिष्ठानको स्थापना गर्ने व्यवस्था यस दफामा गरिएको छ । |
| ४ | प्रतिष्ठान स्वशासित संस्था हुने | प्रतिष्ठान उत्तराधिकारवाला एक स्वशासित संस्था हुने व्यवस्था यस दफामा गरिएको छ । |
| ५ | प्रतिष्ठानको काम, कर्तव्य र अधिकार | प्रतिष्ठानको काम, कर्तव्य र अधिकारको व्यवस्था यस दफामा गरिएको छ । |
| ६ | प्रतिष्ठानको परामर्श लिन सकिने | नेपाल सरकारले अपनाउने कुनै क्षेत्रगत नीति तर्जुमाको विषय वा कुनै प्रस्तावित कानूनमा अन्तरनिहित नीतिगत विषयमा प्रतिष्ठानको परामर्श लिन सकिने व्यवस्था यस दफामा गरिएको छ । |
| ७ | सञ्चालक समिति | प्रतिष्ठानबाट सम्पादन हुने काम गर्नका लागि पाँच सदस्यीय सञ्चालक समिति रहने व्यवस्था यस दफामा गरिएको छ । |
| ८ | नियुक्तिका लागि सिफारिस समिति | अध्यक्षको नियुक्तिका लागि मन्त्रिपरिषद् समक्ष सिफारिस गर्न एक सिफारिस समिति रहने व्यवस्था यस दफामा गरिएको छ । |
| ९ | सदस्यको योग्यता र अयोग्यता | सदस्य पदमा नियुक्ति हुनका लागि आवश्यक योग्यता तथा त्यस्तो पदमा नियुक्ति हुन तथा बहाल रहन योग्य नरहने अवस्थाका सम्बन्धमा यस दफामा व्यवस्था गरिएको छ । |
| १० | पदबाट हटाउन सक्ने | कुनै सदस्यको खराब आचरण वा कार्यक्षमता अभाव भएको वा निजले |

| | | |
|---|---|---|
| | अवस्था | इमान्दारीपूर्वक कार्य सम्पादन नगरेको अवस्थामा अध्यक्ष भए नेपाल सरकार, मन्त्रिपरिषद्को र अन्य सदस्य भए अध्यक्षको सिफारिसमा नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय बमोजिम निजलाई पदबाट हटाउन सक्ने व्यवस्था यस दफामा गरिएको छ । |
| ११ | पद रिक्त हुने अवस्था | सदस्यको पद रिक्त भएको मानिने अवस्थाका सम्बन्धमा यस दफामा व्यवस्था गरिएको छ । |
| १२ | समितिको बैठक सम्बन्धी कार्यविधि | समितिको बैठकको कार्यविधि सम्बन्धमा यस दफामा व्यवस्था गरिएको छ । |
| १३ | अध्यक्षको सेवाका शर्त | अध्यक्ष, प्रतिष्ठानको पूरा समय कार्य सम्पादन गर्ने प्रमुख कार्यकारी पदाधिकारी हुने व्यवस्था यस दफामा गरिएको छ । |
| १४ | अध्यक्षको काम, कर्तव्य र अधिकार | अध्यक्षको काम, कर्तव्य र अधिकारको व्यवस्था यस दफामा गरिएको छ । |
| १५ | संगठनात्मक संरचना | प्रतिष्ठानको संगठनात्मक संरचना (अर्गनोग्राम) र दरबन्दी नेपाल सरकारले निर्धारण गरे बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ । |
| १६ | प्रतिष्ठानमा रहने विभाग | प्रतिष्ठानमा रहने विभागका सम्बन्धमा यस दफामा व्यवस्था गरिएको छ । |
| १७ | कार्यालय प्रवन्धक | प्रतिष्ठानको कार्यालय सञ्चालन र व्यवस्थापन गर्न र प्रतिष्ठानको कार्य सम्पादनमा अध्यक्ष तथा समितिका पदाधिकारीलाई सहयोग गर्न एकजना कार्यालय प्रवन्धक नियुक्ति गर्ने सम्बन्धमा यस दफामा व्यवस्था गरिएको छ । |
| १८ | प्रतिष्ठानका कर्मचारी सम्बन्धी व्यवस्था | प्रतिष्ठानमा रहने कर्मचारीको नियुक्ति सम्बन्धमा यस दफामा व्यवस्था गरिएको छ । |
| १९ | विषयगत अनुसन्धानकर्ता | प्रतिष्ठानले अध्यक्षको सिफारिसमा विभिन्न विधा वा विषयमा अध्ययन, अनुसन्धान वा विश्लेषण गर्न अनुसन्धानकर्ता करारमा नियुक्ति गर्न सक्ने सम्बन्धमा यस दफामा व्यवस्था गरिएको छ । |
| २० | सल्लाहकार नियुक्ति गर्न सक्ने | प्रतिष्ठानको सल्लाहकार नियुक्ति सम्बन्धमा यस दफामा व्यवस्था गरिएको छ । |
| २१ | उपसमिति वा कार्यदल गठन गर्न सक्ने | प्रतिष्ठानले आफ्नो कार्य सुचारु रुपमा सम्पादन गर्नको लागि आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्ने व्यवस्था यस दफामा गरिएको छ । |

| | | |
|---|---|---|
| २२ | विशेषज्ञको सूची तयार गर्ने | प्रतिष्ठानले आफ्नो कार्यक्षेत्रभित्रका विषयमा अध्ययन, अनुसन्धान वा विश्लेषण गर्न सम्बन्धित क्षेत्रका विशेषज्ञ, दक्ष व्यक्ति वा संस्थाको सूची तयार गर्ने व्यवस्था यस दफामा गरिएको छ । |
| २३ | प्रतिष्ठानको कोष | प्रतिष्ठानको एउटा छुट्टै कोष  र कोषमा रहने रकमका सम्बन्धमा यस दफामा व्यवस्था गरिएको छ । |
| २४ | लेखा र लेखापरीक्षण | प्रतिष्ठानको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राख्नु पर्ने र लेखा परीक्षण महालेखा परीक्षकबाट हुने व्यवस्था यस दफामा गरिएको छ । |
| २५ | प्रकाशन | प्रतिष्ठानले अध्ययन र अनुसन्धान गरे वा गराएको विषय प्रकाशित गर्ने  कुरा यस दफामा व्यवस्था गरिएको छ । |
| २६ | बैठक भत्ता तथा अन्य सुविधा | सदस्यले समितिको बैठकमा भाग लिएवापत प्रतिष्ठानले निर्धारण गरे बमोजिमको बैठक भत्ता तथा अन्य सुविधा प्राप्त गर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| २७ | इन्टर्नसिप कार्यक्रम सञ्चालन | प्रतिष्ठानले कम्तीमा स्नात्तकोतर तहमा अध्ययन गरी रहेका वा गरिसकेका मेधावी विद्यार्थी वा विद्वानलाई विषयगत अनुसन्धानकर्ता वा अध्ययनकर्तालाई सहयोग गर्न वा त्यस्ता विद्यार्थी वा विज्ञलाई अध्ययन, अनुसन्धान वा विश्लेषणका क्षेत्रमा रुचि प्रर्वद्धन गर्न वा उत्प्रेरणा गर्न त्यस्ता विद्यार्थी वा विद्वानलाई त्यस्ता क्षेत्रमा व्यवहारिक ज्ञान प्रदान गर्ने उद्देश्यले समय समयमा इन्टर्नसिप कार्यक्रम सञ्चालन गर्न सक्ने सम्बन्धमा यस दफामा व्यवस्था गरिएको छ । |
| २८ | अधिकार प्रत्यायोजन | समितिले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, सदस्य वा दफा १९ बमोजिम नियुक्त अनुसन्धानकर्ता वा दफा २३ बमोजिम गठित कार्यदल वा कार्यालय प्रबन्धक वा प्रतिष्ठानको कुनै अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्नसक्ने सम्बन्धी व्यवस्था यस दफामा गरिएको छ । |
| २९ | बार्षिक प्रतिवेदन पेश गर्ने | प्रतिष्ठानले प्रत्येक आर्थिक बर्ष पूरा भएको छ महिना भित्र आफूले सम्पादन गरेका कामको बार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नुपर्ने व्यवस्था यस दफामा गरिएको छ । |
| ३० | नेपाल सरकारसँग सम्पर्क | प्रतिष्ठानले नेपाल सरकारसँग सम्पर्क गर्दा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत गर्नु पर्ने व्यवस्था यस दफामा गरिएको छ । |
| ३१ | नियम बनाउने अधिकार | प्रतिष्ठानले यस ऐनको उद्देश्य पूरा गर्न आवश्यक नियमहरू बनाउन सक्ने र |

| | | |
|---|---|---|
| | | त्यस्ता नियमहरू नेपाल सरकारबाट स्वीकृत भएपछि लागू हुने व्यवस्था यस दफामा गरिएको छ । |
| ३२ | खारेजी र बचाउ | नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) आदेश,२०७५ खारेज गर्ने व्यवस्था यस दफामा गरिएको छ । सो गठन आदेश बमोजिम गठन भई यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको नीति अनुसन्धान प्रतिष्ठान यसै ऐन बमोजिम गठन भएको मानिने व्यवस्था यस दफामा गरिएको छ । |

## नीति अनुसन्धान प्रतिष्ठानका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावना: नेपाल सरकारले अपनाउने नीति अध्ययन, अनुसन्धान तथा विश्लेषणका आधारमा तर्जुमा हुने व्यवस्था गर्न र शासकीय सुधार गर्दै सुशासन प्रवर्द्धन गर्ने कार्यमा सहयोग गर्न नीति अनुसन्धान प्रतिष्ठानको स्थापना र सञ्चालन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "नीति अनुसन्धान प्रतिष्ठान ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) "कार्यालय प्रबन्धक" भन्नाले दफा १७ को उपदफा (१) बमोजिम नियुक्त कार्यालय प्रबन्धक सम्झनु पर्छ ।

(ग) "प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम स्थापित नीति अनुसन्धान प्रतिष्ठान सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्षलाई समेत जनाउँछ ।

(च) "समिति" भन्नाले दफा ७ बमोजिमको सञ्चालक समिति सम्झनु पर्छ।

### परिच्छेद-२

### प्रतिष्ठानको स्थापना, काम, कर्तव्य र अधिकार

३. प्रतिष्ठानको स्थापना : (१) नेपाल सरकारले अपनाउने वा अपनाएको विभिन्न नीति अध्ययन, अनुसन्धान तथा विश्लेषण गरी त्यसको सुधारको सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्न र नेपालको आर्थिक, सामाजिक, राजनीतिक तथा साँस्कृतिक क्षेत्रका विभिन्न पक्षमा अध्ययन, अनुसन्धान गरी त्यसका उपलब्धि र निष्कर्षको विश्लेषण गर्न नीति अनुसन्धान प्रतिष्ठान स्थापना गरिएको छ ।

(२) प्रतिष्ठानको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

४. <u>प्रतिष्ठान स्वशासित संस्था हुने</u> : (१) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संस्था हुनेछ ।

(२) प्रतिष्ठानको काम कारबाहीको लागि आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) प्रतिष्ठानले व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र प्रतिष्ठान उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

(५) प्रतिष्ठानले व्यक्ति सरह करार गर्न, करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ ।

५. <u>प्रतिष्ठानको काम, कर्तव्य र अधिकार</u> : (१) यस ऐनमा उल्लिखित अन्य काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विशेषज्ञ समूह (थिङ्क ट्याङ्क) को रुपमा काम गर्ने,

(ख) मुलुकले अपनाउनु पर्ने विभिन्न नीतिका सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्ने,

(ग) मुलुकले कुनै खास विषयमा अपनाउनु पर्ने तत्कालीन, अल्पकालीन वा दीर्घकालीन नीति, सञ्चालन गर्नुपर्ने कार्यक्रम र रणनीतिका सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्ने,

(घ) सामरिक मामिला, अन्तर्राष्ट्रिय सम्बन्ध, कूटनीति तथा परराष्ट्र नीतिको अध्ययन तथा अनुसन्धान गरी त्यसमा अपनाउनु पर्ने उपायका बारेमा नेपाल सरकारलाई नीतिगत सुझाव दिने,

(ङ) मुलुकको आर्थिक उन्नति, सामाजिक न्याय, पारदर्शिता वा सुशासन कायम गर्न अपनाउनु पर्ने नीति र उपायका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(च) सार्वजनिक सेवालाई बढी प्रभावकारी, जवाफदेही, मर्यादित, कुशल तथा व्यावसायिक बनाउन त्यस्तो सेवामा गर्नु पर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(छ) भ्रष्टाचार निवारण, सम्पत्ति शुद्धीकरण निवारण, राजस्व तथा सार्वजनिक सम्पत्तिको हिनामिना वा नोक्सानीको नियन्त्रण, स्वार्थ बाझिने कार्य (कन्फिलक्ट अफ ईन्ट्रेष्ट) को निवारण, नागरिक वडापत्रको कार्यान्वयन वा पेशागत आचरणको पालनामा प्रभावकारिता ल्याउन नेपाल सरकारले अपनाउनु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधारको सम्बन्धमा सिफारिस गर्ने,

(ज) सार्वजनिक प्रशासन, विकास प्रशासन, वातावरण संरक्षण, शासकीय सुधार, गरिबी निवारण तथा नेपाल सरकारले अपनाएका विभिन्न क्षेत्रगत नीति र प्रशासनको पर्यवेक्षण (अव्जरभेशन) गर्ने र त्यस्तो विषयमा अध्ययन, अनुसन्धान गरी त्यसमा देखिएका कमी, कमजोरी पहिचान गरी सुधारका उपायहरुको प्रस्ताव सहित सुझाव दिने,

(झ) कुनै खास विषयमा अपनाउनु पर्ने नीतिको सम्बन्धमा नेपाल सरकारको कुनै मन्त्रालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत अनुरोध गरेमा त्यस्तो नीतिको मस्यौदा गरी कारबाहीको लागि सम्बन्धित मन्त्रालयमा पठाउने,

(ञ) अध्ययन, अनुसन्धानको उपलब्धि वा निष्कर्षलाई सार्वजनिक सूचना, ज्ञान र बहसका लागि प्रकाशन गर्ने,

(ट) प्रतिष्ठानको वार्षिक योजना, कार्यक्रम र बजेट स्वीकृत गर्ने,

(ठ) प्रतिष्ठानको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा पुस्तक, पत्रिका, अनुसन्धानात्मक प्रतिवेदन आवश्यकता अनुसार प्रकाशन गर्ने ।

(२) प्रतिष्ठानको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा प्रतिष्ठानले आवश्यकता अनुसार गोष्ठी, कार्यशाला, प्रवचन कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(३) प्रतिष्ठानले नेपाल सरकारको पूर्व सहमतिमा मुलुकका विभिन्न विश्वविद्यालय, अध्ययन संस्थान, समान उद्देश्य भएका स्वदेशी तथा विदेशी सङ्घ, संस्था, विश्वविद्यालय वा अन्तर्राष्ट्रिय संस्थासँग सम्पर्क राख्न तथा सहकार्य गर्न सक्नेछ।

६. <u>प्रतिष्ठानको परामर्श लिन सकिने</u> : (१) नेपाल सरकारले अपनाउने कुनै क्षेत्रगत नीति तर्जुमाको विषय वा कुनै प्रस्तावित कानूनमा अन्तरनिहित नीतिगत विषयमा प्रतिष्ठानको परामर्श लिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम माग भएको विषयमा अध्ययन गरी प्रतिष्ठानले परामर्श उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद-३

## <u>सञ्चालक समिति</u>

७. <u>सञ्चालक समिति</u> : (१) प्रतिष्ठानबाट सम्पादन हुने काम गर्नका लागि प्रतिष्ठानको एक सञ्चालक समिति रहनेछ ।

(२) समितिमा विभिन्न विधाका विज्ञहरुमध्येबाट देहाय बमोजिमका सदस्य रहनेछन् :-

(क) ख्यातिप्राप्त अध्येता वा अनुसन्धानकर्ता मध्येबाट नेपाल सरकार, मन्त्रिपरिषद्बाट नियुक्त एक जना -अध्यक्ष

(ख) अध्येता, अनुसन्धानकर्ता, नीति विश्लेषक वा प्राज्ञिक व्यक्ति मध्येबाट अध्यक्षको सिफारिसमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट नियुक्त चार जना -सदस्य

(३) उपदफा (२) बमोजिम सदस्य नियुक्त गर्दा समावेशी सिद्धान्तको आधारमा गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम नियुक्त सदस्यको पदावधि चार वर्षको हुनेछ र निज पुनः नियुक्त हुन सक्नेछ ।

(५) कार्यालय प्रबन्धकले समितिको सचिवको हैसियतले काम गर्नेछ ।

८. नियुक्तिका लागि सिफारिस : (१) अध्यक्षको नियुक्तिका लागि नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछ :-

(क) प्रधानमन्त्रीले तोकेको नेपाल सरकारको एक जना मन्त्री - अध्यक्ष

(ख) विश्वविद्यालयका प्राध्यापक मध्येबाट प्रधानमन्त्रीले तोकेको एक जना प्राध्यापक -सदस्य

(ग) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको सिफारिस समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्नेछ ।

९. सदस्यको योग्यता र अयोग्यता : (१) देहायको योग्यता पुगेको कुनै नेपाली नागरिक सदस्य पदमा नियुक्त हुन योग्य मानिनेछ :-

(क) पैंतीस वर्ष उमेर पूरा भएको,

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट विद्यावारिधि उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्ष वा स्नातकोत्तर उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अध्ययन वा अनुसन्धान सम्बन्धी अनुभव प्राप्त गरेको,

(ग) अनुसन्धान (रिसर्च) वा नीति विश्लेषणका क्षेत्रमा ख्याति प्राप्त गरेको,

(घ) उच्च नैतिक चरित्र भएको ।

(२) देहायको व्यक्ति सदस्य पदमा नियुक्त हुन वा त्यस्तो पदमा बहाल रहन योग्य हुने छैन :-

(क) उपदफा (१) बमोजिम योग्यता नपुगेको,

(ख) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण तथा शरीर बन्धक सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाई त्यस्तो फैसला अन्तिम भएको,

(ग) कुनै कसूरमा जन्मकैद वा बीस वर्ष वा सो भन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएको,

(घ) सङ्गठित अपराध सम्बन्धी कसूरमा कैदको सजाय पाई वा कर्तव्य ज्यान सम्बन्धी कसूरमा बीस वर्ष भन्दा कम कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको,

(ङ) जातीय भेदभाव तथा छुवाछुत, बोक्सा बोक्सी वा बहुविवाह सम्बन्धी कसूरमा कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले तीन वर्ष पूरा नभएको,

(च) खण्ड (ख) वा (घ) मा उल्लिखित कसूर बाहेक अन्य कसूरमा पाँच वर्ष वा सो भन्दा बढी बीस वर्ष भन्दा कम कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको,

(छ) प्रचलित कानून बमोजिम कालो सूचीमा रहेकोमा सो अवधिभर,

(ज) साहूको दामासाहीमा परेको,

(झ) कुनै विदेशी मुलुकको आवासीय अनुमति प्राप्त गरेको ।

(३) कुनै व्यक्तिले सदस्यको पदमा नियुक्ति हुनुभन्दा अघि निज यस दफा बमोजिम अयोग्य नभएको कुरा लिखित रुपमा उद्घोषण गर्नु पर्नेछ ।

१०. <u>पदबाट हटाउन सक्ने</u> : (१) कुनै सदस्यको खराब आचरण वा कार्यक्षमता अभाव भएको वा निजले इमान्दारीपूर्वक कार्यसम्पादन नगरेको अवस्थामा अध्यक्ष भए नेपाल सरकार, मन्त्रिपरिषद्ले र सदस्य भए अध्यक्षको सिफारिसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले निजलाई पदबाट हटाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै सदस्यलाई पदबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

११. <u>पद रिक्त हुने अवस्था</u> : देहायको अवस्थामा सदस्यको पद रिक्त भएको मानिनेछ :-

(क) अध्यक्षले नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष र सदस्यले अध्यक्ष मार्फत नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

(ख) निजको पदावधि पूरा भएमा,

(ग) दफा १० बमोजिम निजलाई सदस्य पदबाट हटाइएमा,

(घ) दफा ९ को उपदफा (२) बमोजिमको अयोग्यता सिर्जना भएमा,

(ङ) निजको मृत्यु भएमा ।

१२. <u>समितिको बैठक सम्बन्धी कार्यविधि</u> : (१) समितिको बैठक वर्षमा कम्तीमा चार पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा तीन दिन अगाडि अध्यक्षको निर्देशन बमोजिम कार्यालय प्रबन्धकले बैठकमा छलफल हुने विषय सहितको सूचना सबै सदस्यहरूलाई दिनु पर्नेछ।

(४) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यमध्ये जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) समितिले आवश्यकता अनुसार नेपाल सरकारका वरिष्ठ अधिकृत, विश्वविद्यालयका प्राध्यापक वा कुनै स्वदेशी विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(८) समितिको निर्णय अध्यक्ष र समितिको सचिवले प्रमाणित गर्नेछ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

१३. <u>अध्यक्षको सेवाका शर्त</u> : (१) अध्यक्ष प्रतिष्ठानको पूरा समय काम गर्ने प्रमुख पदाधिकारी हुनेछ ।

(२) अध्यक्षको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त नेपाल सरकार, मन्त्रिपरिषद्ले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) अध्यक्ष प्रतिष्ठानको काम, कर्तव्य तथा अधिकारका लागि व्यक्तिगत तथा संस्थागत रुपमा नेपाल सरकार, मन्त्रिपरिषद् प्रति जवाफदेही हुनेछ ।

१४. <u>अध्यक्षको काम, कर्तव्य र अधिकार</u> : यस ऐनमा उल्लिखित अन्य काम, कर्तव्य र अधिकारका अतिरिक्त अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रतिष्ठानको समग्र सञ्चालन र व्यवस्थापन गर्ने वा गराउने,

(ख) दफा २२ बमोजिम तयार गरिएको विशेषज्ञको सूची (रोष्टर) अद्यावधिक गर्ने,

(ग) प्रतिष्ठानले अध्ययन, अनुसन्धान गर्न आवश्यक देखिएका विषय क्षेत्रका सम्बन्धमा नेपाल सरकारका मन्त्रालय, आयोग वा अन्य निकायसँग आवश्यकता अनुसार सुझाव लिई अध्ययन, अनुसन्धान गर्ने बिषयको छनौट गरी त्यसको कार्यक्षेत्रगत शर्त (टर्मस् अफ रेफरेन्स) सहित समितिमा पेश गर्न लगाउने,

(घ) प्रतिष्ठानको मानवस्रोत व्यवस्थापन, आर्थिक प्रशासन तथा अन्य काम, कारबाहीको सुपरीवेक्षण गर्ने र आवश्यकता अनुसार निर्देशन दिने,

(ङ) स्वदेशी तथा विदेशी विश्वविद्यालय वा सङ्घ, संस्थासँग सम्बन्ध राख्ने,

(च) कुनै अध्ययन, अनुसन्धान वा शोध गर्ने अध्येता, अनुसन्धानकर्ता वा शोधकर्ताको प्रस्ताव स्वीकृत गर्ने,

(छ) प्रतिष्ठानको उद्देश्यसँग सम्बन्धित विषयमा तोकिए बमोजिम अन्य काम गर्ने वा गराउने ।

## परिच्छेद-४

## प्रतिष्ठानको संरचना

१५. सङ्गठनात्मक संरचना : प्रतिष्ठानको सङ्गठनात्मक संरचना र दरबन्दी नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुनेछ ।

१६. प्रतिष्ठानमा रहने विभाग : (१) प्रतिष्ठानको कार्यसम्पादनमा सहजता ल्याउन प्रतिष्ठानमा देहाय बमोजिमका विभाग रहनेछन् :-

(क) अनुसन्धान (रिसर्च) विभाग,

(ख) व्यवस्थापन विभाग,

(ग) सूचना तथा ज्ञान व्यवस्थापन (नलेज म्यानेजमेन्ट) विभाग ।

(२) उपदफा (१) बमोजिमका विभागको कार्यक्षेत्रगत शर्त तथा त्यसमा रहने मानवस्रोत तोकिए बमोजिम हुनेछ ।

१७. कार्यालय प्रबन्धकः (१) प्रतिष्ठानको कार्यालय सञ्चालन र व्यवस्थापन गर्न तथा प्रतिष्ठानको कार्यसम्पादनमा सदस्यलाई सहयोग गर्न अर्थशास्त्र, इन्जिनियरिङ, व्यवस्थापन, वाणिज्य शास्त्र, इतिहास, संस्कृति, भूगोल, कानून वा अन्तर्राष्ट्रिय सम्बन्ध जस्ता विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त व्यक्ति मध्येबाट खुला प्रतिष्पर्धाको आधारमा समितिले एक जना कार्यालय प्रबन्धक नियुक्त गर्नेछ ।

(२) कार्यालय प्रबन्धकको छनौट गर्ने विधि तथा नियुक्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) कार्यालय प्रबन्धकको पदावधि दुई वर्षको हुनेछ र निज उपदफा (१) बमोजिमको प्रक्रिया पूरा गरी पुनः नियुक्त हुन सक्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यालय प्रबन्धकको काम सन्तोषजनक नभएमा समितिले निजको पदावधि पूरा नहुँदै निजलाई पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(५) कार्यालय प्रबन्धकको पारिश्रमिक, सेवाका शर्त तथा सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(६) प्रतिष्ठानको कार्यालय व्यवस्थापन गर्ने र समितिको निर्णय कार्यान्वयन गर्ने वा गराउने जिम्मेवारी कार्यालय प्रबन्धकको हुनेछ।

१८. प्रतिष्ठानका कर्मचारी सम्बन्धी व्यवस्था : (१) प्रतिष्ठानले आफ्नो कार्यसम्पादनको लागि स्वीकृत दरबन्दी बमोजिमको सङ्ख्यामा कर्मचारी नियुक्ति गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त हुने कर्मचारी प्रशासनिक, प्राविधिक तथा विशेषज्ञ प्रकृतिका हुनेछन् ।

(३) प्रतिष्ठानका कर्मचारीको नियुक्तिका लागि लिइने लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ।

(४) प्रतिष्ठानका कर्मचारीको नियुक्ति, पारिश्रमिक, सेवाका शर्त तथा अन्य सुविधा तोकिए बमोजिम हुनेछ ।

(५) प्रतिष्ठानले आवश्यकता अनुसार प्रचलित कानून बमोजिम कर्मचारी करारमा लिई काममा लगाउन सक्नेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास किसिमको कार्यसम्पादन गर्न कुनै निजामती कर्मचारी आवश्यक हुने भएमा प्रतिष्ठानले नेपाल सरकारसँग त्यस्तो कर्मचारी माग गर्न सक्नेछ र त्यसरी माग भएमा नेपाल सरकारले त्यस्तो कर्मचारी खटाउन सक्नेछ ।

तर त्यसरी कर्मचारी खटाउँदा एक वर्ष भन्दा बढी अवधिको लागि खटाइने छैन।

१९. विषयगत अनुसन्धानकर्ता : (१) प्रतिष्ठानले अध्यक्षको सिफारिसमा विभिन्न विधा वा विषयमा अध्ययन, अनुसन्धान वा विश्लेषण गर्न देहाय बमोजिमका अनुसन्धानकर्ता, विश्लेषक वा विज्ञ करारमा नियुक्ति गर्न सक्नेछ :-

(क) बरिष्ठ अनुसन्धानकर्ता (सिनियर रिसर्च फेलो),

(ख) अनुसन्धानकर्ता (रिसर्च फेलो),

(ग) सह अनुसन्धानकर्ता (एसोसिएटेड रिसर्च फेलो),

(घ) विश्लेषक (एनालिष्ट),

(ङ) सूचना तथा ज्ञान व्यवस्थापन विज्ञ (नलेज म्यानेजमेन्ट एक्सपर्ट)।

(२) उपदफा (१) बमोजिम नियुक्त अनुसन्धानकर्ता, विश्लेषक वा विज्ञको कार्यक्षेत्रगत शर्त (टर्मस अफ रिफरेन्स), पारिश्रमिक, कार्य अवधि र सुविधा प्रतिष्ठानले नियुक्ति गर्दाका बखत निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम नियुक्त अनुसन्धानकर्ता, विश्लेषक वा विज्ञले सम्बन्धित विषयमा अध्ययन, अनुसन्धान वा विश्लेषण गरी त्यसको प्रतिवेदन वा अनुसन्धानपत्र प्रतिष्ठानमा बुझाउनु पर्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास विषयको अध्ययन, अनुसन्धान वा विश्लेषण नेपाल सरकार वा नेपाल सरकारको स्वामित्वमा रहेको सङ्गठित संस्थाको सेवामा रहेको कुनै कर्मचारीबाट गराउन उपयुक्त ठानेमा प्रतिष्ठानले त्यस्तो कर्मचारी माग गर्न सक्नेछ र त्यसरी माग भएमा नेपाल सरकारले निश्चित अवधिको लागि त्यस्तो कर्मचारी खटाउनेछ ।

२०. सल्लाहकार नियुक्ति गर्न सक्ने : (१) प्रतिष्ठानले आवश्यक ठानेमा सदस्य हुन योग्यता पुगेका व्यक्ति मध्येबाट कुनै व्यक्तिलाई प्रतिष्ठानको सल्लाहकार नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त सल्लाहकारलाई समितिको बैठकमा आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिम नियुक्त सल्लाहकारको कार्यक्षेत्रगत शर्त (टर्मस् अफ रेफेरेन्स) प्रतिष्ठानले निर्धारण गरे बमोजिम हुनेछ ।

२१. उपसमिति वा कार्यदल गठन गर्न सक्ने : (१) प्रतिष्ठानले आफ्नो कार्य सुचारु रूपमा सम्पादन गर्नको लागि आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यदलको कार्यक्षेत्रगत शर्त (टर्मस् अफ रेफरेन्स) तथा कार्य अवधि त्यस्तो उपसमिति वा कार्यदल गठन गर्दाको बखत समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

२२. विशेषज्ञको सूची तयार गर्ने : (१) प्रतिष्ठानले आफ्नो कार्यक्षेत्रभित्रका विषयमा अध्ययन, अनुसन्धान वा विश्लेषण गर्न सम्बन्धित क्षेत्रका विशेषज्ञ, दक्ष व्यक्ति वा संस्थाको सूची (रोष्टर) तयार गर्नेछ ।

(२) प्रतिष्ठानले उपदफा (१) बमोजिमको सूचीमा उल्लिखित विशेषज्ञ, दक्ष व्यक्ति वा संस्थाको नाम समय समयमा अद्यावधिक गर्नेछ ।

(३) प्रतिष्ठानले उपदफा (१) बमोजिमको सूचीमा रहेका विशेषज्ञ, दक्ष व्यक्ति वा संस्था मध्येबाट कुनै खास विषयको अध्ययन, अनुसन्धान वा विश्लेषण गराउन सक्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको सूचीमा नाम नपरेको कुनै विशेषज्ञ, दक्ष व्यक्ति वा संस्थालाई उपदफा (३) बमोजिमको काममा लगाउन बाधा पर्ने छैन ।

## परिच्छेद-५

## कोष, लेखा र लेखा परीक्षण

२३. प्रतिष्ठानको कोष : (१) प्रतिष्ठानको एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) समान उद्देश्य भएका अन्तर्राष्ट्रिय सङ्घ, संस्था वा प्राज्ञिक संस्थाबाट प्राप्त रकम,

(ग) प्रतिष्ठानले गरेको अनुसन्धानको प्रकाशनको बिक्री वितरणबाट प्राप्त रकम ।

(३) उपदफा (१) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नु अघि प्रतिष्ठानले नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(४) प्रतिष्ठानको कोषमा प्राप्त हुने रकम समितिले तोकेको ‘क’ वर्गको इजाजतपत्र प्राप्त कुनै बैङ्कमा प्रतिष्ठानको नाममा खाता खोली जम्मा गरिनेछ ।

(५) प्रतिष्ठानको नामबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(६) प्रतिष्ठानलाई जुन कार्यक्रमका लागि रकम प्राप्त भएको हो सो रकम सोही कार्यक्रममा खर्च गर्नु पर्नेछ ।

(७) प्रतिष्ठानको कोषको खाता कार्यालय प्रबन्धक वा निजले तोकेको कुनै वरिष्ठ अधिकृत र आर्थिक प्रशासन शाखाको प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(८) प्रतिष्ठानको कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२४. लेखा र लेखापरीक्षण : (१) प्रतिष्ठानको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचामा राख्नु पर्नेछ ।

(२) प्रतिष्ठानले नेपाल सरकारले अपनाए बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।

(३) प्रतिष्ठानको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(४) नेपाल सरकारले प्रतिष्ठानको आय व्ययको लेखा, तत्सम्बन्धी कागजात र नगदी, जिन्सीको विवरण जुनसुकै बखत जाँच गर्न वा गराउन सक्नेछ ।

## परिच्छेद-६

## विविध

२५. प्रकाशन : प्रतिष्ठानले अध्ययन र अनुसन्धान गरे वा गराएको विषय नियमित प्रकाशन, पुस्तक वा प्रतिवेदनको रुपमा प्रकाशन गर्न सक्नेछ ।

तर नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, मुलुकको सुरक्षा वा सामरिक सम्बन्ध, विदेशी मुलुकसँगको सुसम्बन्ध, विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसम्बन्धलाई प्रतिकूल असर पर्ने वा सार्वजनिक हित वा कानून र व्यवस्था (ल एण्ड अर्डर) लाई प्रतिकूल असर पर्न सक्ने विषयको अध्ययन, अनुसन्धान वा विश्लेषणको प्रतिवेदन सार्वजनिक गरिने छैन ।

२६. बैठक भत्ता तथा अन्य सुविधा : (१) सदस्यले समितिको बैठकमा भाग लिए बापत प्रतिष्ठानले निर्धारण गरे बमोजिमको बैठक भत्ता तथा अन्य सुविधा प्राप्त गर्नेछन् ।

(२) उपदफा (१) बमोजिमको बैठक भत्ता तथा अन्य सुविधा निर्धारण गर्नु अघि प्रतिष्ठानले नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति प्राप्त गर्नु पर्नेछ ।

२७. इन्टर्नसिप कार्यक्रम सञ्चालनः (१) दफा १९ बमोजिमका विषयगत अनुसन्धानकर्तालाई सहयोग गर्ने, अध्ययन, अनुसन्धान वा विश्लेषणका क्षेत्रमा रुचि प्रवर्द्धन वा उत्प्रेरित गर्ने वा त्यस्ता क्षेत्रमा व्यवहारिक ज्ञान प्रदान गर्ने उद्देश्यले प्रतिष्ठानले कम्तीमा स्नातकोत्तर तहमा अध्ययन गरिरहेका वा गरिसकेका मेधावी विद्यार्थी वा विद्वानलाई समावेश गरी समय समयमा इन्टर्नसिप कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालन सम्बन्धी अन्य व्यवस्था समितिले तोके बमोजिम हुनेछ ।

(३) इन्टर्नसिप कार्यक्रम अन्तर्गत अध्ययन, अनुसन्धान वा विश्लेषण गर्ने विद्यार्थी वा विद्वानलाई प्रतिष्ठानले तोकिए बमोजिमको रकम छात्रवृत्ति वा विद्वतवृत्तिको रुपमा दिन सक्नेछ ।

२८. अधिकार प्रत्यायोजन : (१) समितिले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, सदस्य, दफा १९ बमोजिम नियुक्त विषयगत अनुसन्धानकर्ता, दफा २१ बमोजिम गठित उपसमिति वा कार्यदल, कार्यालय प्रबन्धक वा प्रतिष्ठानको कुनै अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) अध्यक्षले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार प्रतिष्ठानको कुनै सदस्य, कार्यालय प्रवन्धक वा प्रतिष्ठानको कुनै अधिकृत स्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

२९. वार्षिक प्रतिवेदन पेश गर्ने : (१) प्रतिष्ठानले प्रत्येक आर्थिक वर्ष पूरा भएको छ महिनाभित्र आफूले सम्पादन गरेका कामको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायको विवरण उल्लेख गर्नु पर्नेछः-

(क) प्रतिष्ठानबाट आर्थिक वर्षमा भएका प्रमुख कार्य,

(ख) प्रतिष्ठानको वार्षिक नीति, योजना र कार्यक्रमको कार्यान्वयनको स्थिति र त्यसको उपलब्धि तथा लागत,

(ग) प्रतिष्ठानको मानवस्रोत तथा अन्य स्रोतको विवरण,

(घ) प्रतिष्ठानबाट भएको वार्षिक खर्चको विवरण,

(ङ) तोकिए बमोजिमका अन्य विवरण ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन नेपाल सरकार आफैंले वा नेपाल सरकारको निर्देशनमा समितिले सार्वजनिक गर्नु पर्नेछ ।

३०. नेपाल सरकारसँग सम्पर्क : प्रतिष्ठानले नेपाल सरकारसँग सम्पर्क गर्दा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत गर्नु पर्नेछ ।

३१. नियम बनाउने अधिकार : यो ऐन कार्यान्वयन गर्न प्रतिष्ठानले आवश्यक नियमहरू बनाउन सक्नेछ र त्यस्ता नियमहरू नेपाल सरकारबाट स्वीकृत भएपछि लागू हुनेछन्।

३२. खारेजी र बचाउ : (१) नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०७५ खारेज गरिएको छ ।

(२) नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०७५ बमोजिम गठन भई यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको नीति अनुसन्धान प्रतिष्ठान यसै ऐन बमोजिम गठन भएको मानिनेछ ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत प्रतिष्ठानमा बहाल रहेका समितिका सदस्य निज नियुक्ति हुँदाका बखत निर्धारित शर्त बमोजिम आफ्नो पदमा बहाल रहनेछन् ।

(४) यो ऐन प्रारम्भ हुँदाका बखत बहाल रहेको प्रतिष्ठानको कार्यालय प्रबन्धक आफ्नो कार्यकाल बाँकी रहेसम्म पदमा बहाल रहनेछ।